**समानताको बढावाको निम्ति**
**अवस्थित र योजनाबद्ध उपायहरू**

**सिभिल ईन्जिनियरिंग तथा विकास विभाग**

सिभिल ईन्जिनियरिंग तथा विकास विभाग (CEDD)ले हङ्कङ्को विकास आवश्यक्तालाई सम्बोधन गर्न गुणस्तरिय ईन्जिनियरिंग सेवाहरू प्रदान गर्ने उद्देश्य राख्दछ । नयाँ विचार र उत्कृष्ट प्रविधिहरूको साथ, हामी हङ्कङ्को दिगो विकासको निम्ति, एउटा मैत्रीपूर्ण शहरको निर्माण गर्नको साथै दीर्घकालीन विकासको लागि समर्पित छौ । सर्वसाधारणको विविध जातीय पृष्ठभूमिको बाबजुद, CEDD ले उनीहरूलाई समान रूपमा सेवाहरूको पहुँच सुनिश्चित गर्न ठूलो महत्त्व दिन्छ ।

| | |
|---|---|
| सेवाहरु सम्बन्धित | • CEDD द्वारा प्रदान गरिएका चारवटा मुख्य सेवा क्षेत्रहरु छन् जसमा भूमि तथा पूर्वाधारको प्रावधान, पोर्ट र समुद्री सेवाहरू, जियोटेक्निकल सेवाहरू र वातावरणीय तथा दिगो सेवाहरू पर्दछन् । |
| अवस्थित उपायहरू | • CEDD बारे जानकारी र हाम्रो सेवाहरू CEDDको वेबसाइटमा हङ्कङ्को दुईवटा आधिकारिक भाषाहरूमा (जुन चिनियाँ र अंग्रेजी) उपलब्ध छन् । थप, जानकारीमूलक सामग्री र शैक्षिक पर्चा/पुस्तिकाहरू आधिकारिक भाषाहरूमा सर्वसाधारणहरुमा वितरणको लागि प्रकाशित गरिएको छ । |
| | • CEDD को सामान्य सोधपुछ हटलाइन र ईमेलद्वारा चिनियाँ र अंग्रेजीमा |

सामान्य सोधपुछ सेवाहरू प्रदान गरिएको छ ।

| | |
|---|---|
| भावी कार्यको मूल्यांकन | • विविध जातिका व्यक्तिहरूबाट प्राप्त भएको प्रतिक्रिया/सुझावहरू रेकर्ड र विचार गरिनेछ ।<br><br>• विविध जातिका व्यक्तिहरूद्वारा (अर्थात बहासा इन्डोनेशिया, हिन्दी, नेपाली, पन्जाबी, तागालग, थाई, उर्दू र भियतनामी प्रयोगर्कताहरू) प्रयोग गरेको CEDD को सामान्य सोधपुछ हटलाइन र ईमेलको रेकर्ड राखिनेछ र विश्लेशण गरिनेछ । |
| लिने/लिनु पर्ने थप उपायहरु | • CEDDले विविध जातिहरुका व्यक्तिहरूको लागि उपयुक्त पर्चा/पुस्तिकाहरुको पहिचान गरी प्रमुख भाषाहरूमा अनुवाद गर्नको साथै CEDD को वेबसाइटमा अपलोड गर्नेछ ।<br>• CEDDले सिभिल ईन्जिनियरिंग र विकास विभागको भवनको रिसेप्शन काउन्टरमा र/वा अन्य निर्दिष्ट गरिएको सेवा काउन्टरहरूमा विविध जातिका व्यक्तिहरूका लागि आवश्यक भएमा अल्पसंख्यक जातीयहरूको लागि केन्द्र(CHEER)र/वा अन्य सेवा प्रदायकहरूद्वारा प्रमुख भाषाहरुमा सेवा प्रदान गर्नेछ ।<br><br>• विविध जातिका व्यक्तिहरूका लागि CHEER द्वारा प्रमुख भाषाहरू जसमा बहासा इन्डोनेशिया, हिन्दी, नेपाली, पन्जाबी, उर्दू, तागालग, थाई र भियतनामी भाषाहरूमा प्रदान गरिने नि:शुल्क टेलिफोन दोभाषे र सोधपुछ सेवा (TELIS)को पोस्टर/ब्यानर/आइकनहरू काउन्टरमा प्रदर्शन |

गरिनेछ र सर्वसाधारणलाई भाषा सेवा बारे सचेत गराउनको निम्ति CEDD को वेबसाइटमा राखिनेछ ।

- CEDDले कर्मचारीहरूलाई जातीय समानता प्रति बुझाई र संवेदनशीलता बढाउन प्रशिक्षण प्रदान गर्नेछ ।

जातीय समानताको प्रचार निम्ति अवस्थित र योजनाबद्ध उपायहरूसम्बन्धित सोधपुछहरूका लागि प्राविधिक सचिव/ मुख्यालयमा निम्न माध्यमहरूमार्फत सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2762 5460 |
| फ्याक्स नं. | : | 2714 5174 |
| ईमेल | : | tshq.tsu@cedd.gov.hk |
| पत्राचार ठेगाना | : | 16/F, Civil Engineering and Development Building, 101 Princess Margaret Road, Homantin, Kowloon |

**सिभिल ईन्जिनियरिंग तथा विकास विभाग**

**मे 2026**